मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : १४९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ बैशाख ४ गते आइतबार (Sunday, April 17. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## महिलाको मृत्यु, झाँक्रीसहित सात जना पक्राउ

**कञ्चनपुर, बैशाख ३।** बेदकोट नगरपालिका-७ मुसेपानीमा झारफुक गर्ने क्रममा ४३ वर्षीया महिलाको मृत्यु भएको छ।

झारफुक गर्ने क्रममा स्थानीय रञ्जला साउदको मृत्यु भएको हो। उनको शुक्रबार नै मृत्यु भए पनि प्रहरीलाई स्थानीय बासिन्दाले शनिबार मात्रै खबर गरेका थिए।

महिलाको मृत्यु भएपछि प्रहरीले धामीसहित सात जनालाई शनिबार पक्राउ गरेको छ। आर्थिक अभावका कारण अस्पताल लैजान पैसा अभाव भएपछि साउद

*(बाँकी अन्तिम पृष्ठमा)*

# ‘निर्धारित मितिमै निर्वाचन’

**झापा, बैशाख ३।** प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्धारित मितिमै स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन हुने बताएका छन्।

जनकपुरधाममा शनिवार आयोजित स्थानीय तह निर्वाचन-२०७९ ‘मिडिया अभिमुखीकरण’ कार्यक्रममा उनले अब निर्वाचनको मिति सार्न सक्ने अवस्था नरहेकाले निर्धारित समयमै निर्वाचन आयोगले स्वच्छ र निष्पक्ष निर्वाचन गराउने बताए।

प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचनको मितिलाई तलमाथि वा अन्य तरिकाले सारेमा मुलुकमा दुर्घटना निम्तिन सक्ने उल्लेख गर्दै निर्धारित समय वैशाख ३० गते नै निर्वाचन हुने र निर्वाचनबाट कसैले डराउन नहुने बताए।

निर्वाचनको क्रम भङ्ग गर्ने अवस्था नरहेको बताउँदै उनले स्थानीय तहको निर्वाचनसँगै यसै वर्ष प्रतिनिधिसभा, प्रदेशसभा, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनसमेत सम्पन्न हुने दाबी गरे। प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचनलाई लोकतन्त्रको सबैभन्दा ठूलो गहना भनिने गरेको उल्लेख गर्दै पछिल्लो समय निर्वाचन विपरीत हुने खालको अभिव्यक्ति आइरहनु दुःखद् भएको जिकिर गरे। निर्वाचन आचारसंहितालाई सामान्यरुपमा नलिन आग्रह गर्दै यसको उल्लंघन गरे कारबाही हुने र केही सँग स्पष्टीकरण समेत सोधिसकेको उनले जानकारी दिए।

## कुन दलले कसरी टिकट दिन्छ ?



**दलहरुको उम्मेदवार छनौटका आधार के छन् ?**

स्थानीय तह निर्वाचनका लागि उम्मेदवारी दर्ताको समय आउनै लाग्दा प्रमुख राजनीतिक दलले विभिन्न पदमा उम्मेदवारका लागि मापदण्ड तय गरेका छन्।

प्रमुख दलहरूमा अधिकांश स्थानीय तहमा एउटै पदका लागि धेरै आकांक्षी देखिएका छन्। आकांक्षी व्यवस्थापन र योग्य उम्मेदवार छनौटका लागि मापदण्ड तय गरेरै उम्मेदवार छनौट प्रक्रिया शुरु गरिएको दलका नेताहरूको दाबी छ। सबै दलहरूले तय गरेका मापदण्डमा निर्वाचनमा विजय हासिल गर्ने सम्भावना भएको व्यक्तिलाई केन्द्रमा राखिएको छ।

केही दलहरूले उम्मेदवारको नैतिक तथा चारित्रिक पृष्ठभूमि पनि असल हुनुपर्ने पक्षलाई जोड दिएका छन्। स्थानीय तह निर्वाचनमा उम्मेदवार बन्नका कस्तो मापदण्ड तय गरिएको छ भनेर नेपालका प्रमुख राजनीतिक दलका नेताहरूलाई सोधेको छ।

**एमालेमा लोकप्रियको खोजी**

अघिल्लो स्थानीय तह निर्वाचनमा सबैभन्दा धेरै स्थानमा विजय हासिल गरेको नेकपा एमालेले आगामी निर्वाचनमा उम्मेदवार हुन चाहने नेता जनताको बीचमा लोकप्रिय हुनुपर्ने मापदण्ड तय गरेको छ।

एमालेले असल राजनीतिक पृष्ठभूमि भएको, योग्य, सक्षम, क्षमतावान्सहित भिजन र इमानदारिता भएको व्यक्तिलाई प्राथमिकता दिने मापदण्ड तय गरेको छ- एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले भनिन्। एमालेले स्थानीय तह र जिल्ला तहबाट उम्मेदवार सिफारिस गर्दा हरेक पदमा एक महिलासहित सिफारिस गर्न सर्कुलर जारी गरेको शाक्यले जानकारी दिइन्।

यसअघि निर्वाचित जनप्रतिनिधि दोहोरिन चाहेमा उनीहरूको काम र पारदर्शीताको मूल्याङ्कन गरिने एमालेले जनाएको छ। नेकपा एमालेको पछिल्लो पटक संशोधित विधान अनुसार पार्टी अनुशासनको कारबाहीमा परेको व्यक्ति कारबाही फुकुवा भएको छ महिनासम्म कुनै पनि निकायमा पार्टीबाट उम्मेदवार हुन पाउँदैन।

एमालेले आफ्नो दलको उम्मेदवारलाई असहयोग गर्ने, नैतिक पतन देखिने फौजदारी कसुर वा भ्रष्टाचारमा संलग्न तथा छुवाछूत, जातीय भेदभाव वा लैङ्गिक हिंसाजन्य क्रियाकलापमा संलग्न तथा सार्वजनिक नैतिकता तथा सदाचारको उल्लंघन गरेको व्यक्तिलाई अनुशासनको कारबाही गर्ने उल्लेख छ।

**कांग्रेसले लोकप्रिय र सक्रिय छान्ने**

नेपाली कांग्रेसका प्रवक्ता प्रकाशशरण महतले आफ्नो

*(बाँकी अन्तिम पृष्ठमा)*

## लोकबन्धुसहित २७५ जनाले त्यागे नेकपा ‘एस’



**झापा, वैशाख ३।** नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी पार्टीका केन्द्रीय सदस्य लोकबन्धु कन्दङ्वाले पार्टी परित्याग गरेका छन्।

शनिवार प्रेस वक्तव्य प्रकाशन गर्दै कन्दङ्वाले आजका मितिसम्म सैद्धान्तिक र वैचारिक दृष्टिकोणले, पद्धतिगत र प्रवृत्तिगत दृष्टिकोणले साथै व्यवहारिक र आर्थिक दृष्टिकोणले पनि पार्टी फुटको औचित्य प्रमाणित गर्न नसकेको भन्दै पार्टी परित्यागको घोषणा गरेका हुन्।

वक्तव्यमा पछिल्लो समय एमसीसी जस्तो राष्ट्रिघाती अमेरिकी परियोजनालाई संसदबाट पास गर्न सहयोग पुर्‍याई पार्टीलाई राष्ट्रघाती र नवप्रतिगामी कित्तामा राखेको हुनाले एक राष्ट्रवादी नागरिकको हैसियतले यो पार्टीमा बसिरहन नैतिक रुपले नमिल्ने ठहर गरी स्वतन्त्र बामपन्थी नागरिकको रुपमा जीवनयापन गर्ने निर्णय गरेको उल्लेख छ। उनीसँगै केन्द्रीय सल्लाहकार समितिका गोपीचन्द्र गिरी, जिल्ला कमिटी सदस्य प्रकाश पुरी, महेन्द्रप्रसाद खरेल र गीता कँडेलले बक्तव्यमा हस्ताक्षर गरेका छन्।

उनीहरुसँगै पार्टीका २७५ जना समर्थकले पार्टी परित्या गरेको प्रेस वक्तव्यमा जनाइएको छ।

## एमाले: माईमा ६ जना मेयर र १० जना उपमेयरका आकांक्षी



थेवे | रिमाल | खनाल | लिम्बू | श्रेष्ठ | अधिकारी

**बिमल दाहाल**

**माई, बैशाख ३।** आगामी बैशाख ३० गते हुन लागेको स्थानीय तह निर्वाचनको लागि नेकपा एमाले माई नगरपालिका इलाममा ६ जना मेयर र १० जना उपमेयरका आकांक्षी बीच सहमति जुटाउने प्रयास सफल हुन सकेको छैन।

मेयरका लागि वर्तमान मेयर दीपककुमार थेवे, उपमेयर विष्णुमाया रिमाल, एमाले जिल्ला कमिटी सचिवालय सदस्य बुद्वि खनाल, माई नगर अध्यक्ष खम्वसिंह लिम्वू, प्रदेश सदस्य ध्रुव श्रेष्ठ र साविक दानावारी गाविसका पूर्व अध्यक्ष समेत रहेका प्रदेश सदस्य रत्नबहादुर अधिकारीको नाम चर्चामा रहेको छ। यसैगरी उपमेयरमा आकांक्षी रहेका रुपा राई, हिमा भण्डारी, रञ्जिता भट्टराई, कुमारीमाया आले मगर, शान्ता थेगिम, कृष्णकुमारी थापा, मुखराज आङ्दम्वे, सन्तराम योङ्हाङ, धनबहादुर आङ्दम्वे र मोहन देवानको आकांक्षा रहेको छ।

एमाले बिधान वमोजिम सर्वसम्मत नभए मेयरमा दुई पुरुष र एक महिलाको सहमति गरी माथिल्लो कमिटीमा सिफारिस गर्नुपर्ने प्रावधान रहेको छ। धेरै आकांक्षी रहेकाले माईमा सवैको नाम माथिल्लो कमिटीमा सिफारिस हुने देखिन्छ।

नगरपालिकाको मेयर र उपमेयर जिल्ला कमिटी हुँदै प्रदेश कमिटीमा उम्मेदवारका आकांक्षीहरुको नाम सिफारिस गर्नेछ। जिल्ला

*(बाँकी अन्तिम पृष्ठमा)*

झापा सुपर लिग क्रिकेट

## विराट विजयी

**काँकरभिट्टा, बैशाख ३।** विराट वरियर्सले झापा सुपर लिग क्रिकेट प्रतियोगितामा बिजय शुरुवात गरेको छ।

सनराइज काँकरभिट्टालाई ७ विकेटले पराजित गर्दै विराटले शनिवार विजय शुरुवात गरेको हो। प्रतियोगितामा टस जितेर विराटले सनराइज काँकरभिट्टालाई व्याटिङका लागि निम्तो गरेको थियो। निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १ सय ५२ रनको लक्ष्य खडा गर्दा अन्तर्राष्ट्रिय खेलाडी पवन सराफले ४३ बल खेलेर ५४ रन बनाए। प्रनीश बिमलीले २५, भूपाल डाँगीले १९ र शुभांकर उराऊले १६ रन जोडे। बलिङतर्फ विराटका विवेक आयद, सिद्धान्त लोहनी र सुमित नेउपानेले २/२ तथा आभाष तिम्सिना र विपीन महतोले १/१ विकेट झारे।

सनराइजले दिएको लक्ष्य विराटले १६ दशमलव ४ ओभरमा पूरा गर्‍यो। सोनु अन्सारीले ३३ वलको सामना गरेर ५४ रन जोडे। त्यस्तै अनिल लामिछानेले ३४, सिद्धान्त लोहनीले १६ वलमा ३३ तथा अन्तिम सुवेदीले १५ रन बनाए।

वलिङमा सनराइज काँकरभिट्टाका विराट डाँगी र शुभंकर उराऊले १/१ विकेट लिए। अलराउण्डर प्रदर्शन गर्ने बिजयी टोलीका सोनु म्यान अफ द म्याच बने। क्यानका सल्लाहकार नरेश श्रेष्ठले

*(बाँकी अन्तिम पृष्ठमा)*

## अमरदिलको स्मृति धाम उद्घाटन

**अर्जुनधारा, वैशाख ३।** झापाको अर्जुनधारा-२स्थित लाप्चेटारमा नवनिर्मित अमरदिल स्मृति धाम तथा आश्रमको शनिबार एक कार्यक्रमकाबीच उद्घाटन गरिएको छ।



जोसमनी धर्मगुरु खबरबहादुर समाल मगर अमरदिलको स्मृतिमा गुरु अमरदिलको परिवारबाट निर्माण गरिएको उक्त आश्रमको प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार रानाले उद्घाटन गरेका थिए।

गुरु अमरदिलका छोराहरु भेषराज, छत्र, राजु र महेश समाल मगरको संयुक्त लगानी ३२ लाख रुपैयाँको लागतमा दुई कट्ठा जग्गामा नवनिर्मित आश्रममा गुरु अमरदिलको समाधिस्थलसँगै शिवपार्वती, गणेश, सरस्वती, बुद्ध, नन्दीलगायतका मूर्तिहरु रहेका छन्।

आश्रम उद्घाटन समारोहका अध्यक्ष एवम् कार्यक्रमका प्रमुख गुरु सुवालदीप समाल मगरको अध्यक्षतामा आयोजित कार्यक्रममा गुरु अमरदिलको पूर्ण कदको शालिकको अनावरण तथा जोसमनी धर्म सम्बन्धी पुस्तक ‘जोसमनी दर्पण’ को विमोचन गरिएको थियो। ध्यान गरेको अवस्थामा रहेका गुरु अमरदिलको शालिकको प्रमुख अतिथि रानाले अनावरण गरेका थिए।

*(बाँकी अन्तिम पृष्ठमा)*

## छात्राहरुमाथि यौनदुर्व्यवहारको आरोपमा तीन जना शिक्षक पक्राउ

**झापा, वैशाख ३।** विद्यार्थीलाई यौनदुर्व्यवहार गरेको आरोपमा तीन जना शिक्षक पक्राउ परेका छन्।

पक्राउ पर्नेमा मकवानपुरको बागमती गाउँपालिका-८, शान्तिपुरस्थित जनता माविका तीन जना शिक्षक रहेका छन्। ती शिक्षकले विद्यालयमा कक्षा ४, ५, ६, ७ र ८मा अध्ययनरत् छात्रामाथि यौनदुर्व्यवहार गरेको आरोप लागेको छ। शिक्षकमाथि विद्यार्थीलाई यौनदुर्व्यवहार गरेको आरोप लागेपछि अभिभावक र विद्यार्थीले बिद्यालय तोडफोड समेत गरेका छन्।

यौनदुर्व्यवहार गर्ने शिक्षकबिरुद्ध चैत्र २४ गते राति विद्यालयमा अध्ययनरत् विद्यार्थीका अभिभावकहरुले जिल्ला प्रहरी कार्यालय मकवानपुरमा किटानी जाहेरी दिएका थिए। उजुरी परेपछि शिक्षकहरु फरार भएका थिए। शिक्षकहरु रुद्रबहादुर विक, हेमबहादुर विक र लोकबहादुर विकलाई प्रहरीले


*(बाँकी अन्तिम पृष्ठमा)*

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**
**दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।**
***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।***





हनुमान जयन्तीका अवसरमा बिर्तामोडमा निकालिएको र्‍याली: बिर्तामोडस्थित अग्रसेन भवनबाट निकालिएको र्‍याली बिर्तामोडदेखि चारपाने हुँदै पुनः बिर्तामोड आएको थियो । तस्वीरः पूर्वाञ्चल

# युवतीको 'शंकास्पद' मृत्युपछि...

**रुपन्देही, बैशाख ३।** गत बुधबार राति एक युवतीको 'शङ्कास्पद' मृत्युपछि रुपन्देहीको तिलोत्तमास्थित जानकीनगर क्षेत्र अशान्त बनेको छ ।

प्रहरीले तिलोत्तमा नगरपालिका-२ जानकीनगर बस्ने २८ वर्षकी अमृता खत्रीको विष सेवनबाट मृत्यु भएको प्रारम्भिक निष्कर्ष निकाले पनि खत्रीका परिवार तथा आफन्तले हत्या गरिएको जिकिर गर्दै तीन दिनदेखि आन्दोलन गरिरहेका छन् । परिवारका सदस्यले नै हत्या गरेको आरोप लगाउँदै उनीहरुलाई कडा कारबाही गर्न मृतकका आफन्तले माग गरेका छन् ।

बुटवल इलाका प्रहरी कार्यालयका अनुसार बुधबार राति खत्रीले विष सेवन गरेपछि उपचारका लागि लुम्बिनीस्थित प्रादेशिक अस्पताल ल्याइएकोमा उपचारको क्रममा उनको मृत्यु भएको थियो । खत्रीका माइती पक्षले श्रीमान् र सासू मिलेर हत्या गरेको आशङ्का गर्दै कारबाहीको मागसहित अमृताको घर घेराउ गरेका छन् । घरमा श्रीमान्सँग मनमुटाव भएपछि माइत गएकी खत्रीलाई बारम्बार फोन गरेर बोलाई कुटपिट गरेर विष खुवाई हत्या गरेको माइती पक्षको आरोप छ । मृतकका दाजु पुष्पक खत्रीले अमृताले बुधबार राति ९:३० बजे आफूलाई बचाउन आग्रह गर्दै म्यासेज गरेको बताए ।

म्यासेज आएको १५ मिनेटपछि अमृताको अस्पतालमा मृत्यु भएको खबर आएको भन्दै उनले भने- अमृताले आफैँ विष सेवन गरेकी होइनन् घरमा उनलाई मार्ने षड्यन्त्र भएपछि बचाउन आग्रह गर्दै मलाई म्यासेज गरेकी थिइन्, एकैछिनमा अस्पतालमा मृत्यु भयो भन्ने खबर आयो ।

मृतकका श्रीमान् प्रेम टण्डन, ससुरा टहलसिंह र सासू दीपाविरुद्ध कर्तव्य ज्यान मुद्दामा गत बिहीबार मृतकका दाजु पुष्पक खत्रीले जाहेरी दर्ता गराएका थिए । जाहेरीका आधारमा उनीहरुलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

# एकीकृत वंशावली प्रकाशन गर्दै ढकाल बन्धु



**झापा, वैशाख ३।** ढकाल बन्धु हित तथा वंशावली एकीकृत समाज केन्द्रीय कार्य समितिले वंशावली लेखन कार्यलाई सम्पादन गर्दै एकीकृत वंशावली प्रकाशन गर्ने भएको छ ।

झापाको कनकाई-४ कोटीहोममा केन्द्रीय कार्यालय रहेको ढकाल बन्धु केन्द्रीय समितिले एकीकृत वंशावली प्रकाशन गर्ने निर्णय गरेको हो ।

वैशाख २ गते शुक्रवारका दिनदेखि आधिकारिक रुपमा केन्द्रीय कार्यालयमा प्रत्येक शुक्रवार र शनिवार खुल्ने गरी कार्यालय स्थापना गर्ने समेत बैठकले निर्णय गरेको छ । जसका लागि समाजले नयाँ नेतृत्व समेत चयन गरेको छ ।

राम ढकालको अध्यक्षतामा जिल्ला कार्यसमिति गठन गरिएको छ । ज्येष्ठ नागरिक प्रेम ढकालको अध्यक्षतामा सञ्चालन भएको सो कायक्रममा केन्द्रीय कार्यसमितिका अध्यक्ष भानुभक्त ढकाल, महासचिव तुलसी ढकाल, सदस्य डिल्ली ढकाल, सदस्य प. घनश्याम ढकालले आफ्ना धारणा राखेका थिए ।

सो कार्यक्रममा केन्द्रीय सदस्य तथा पूर्वजिल्ला अध्यिक्ष राजेन्द्र केसर ढकाल लगायत ज्ञात-अज्ञात गोलोक गमन गरेका ढकाल बन्धुहरुको शोक प्रस्ताव पारित गरिएको थियो ।

ढकाल बन्धुहरुले वंशावली लेखनका लागि आफ्ना वंशजहरुको नामावली उपलब्ध गराउन सम्पूर्ण ढकाल बन्धुहरुलाई अनुरोध गरिएको थियो । कार्यक्रम केन्द्रीय सहसचिव चन्द्रकान्त ढकाल र मोहन ढकालले सञ्चालन गरेका थिए ।

# गठबन्धनः उम्मेदवारी तालमेल टुंग्याउन कार्यदल

**झापा, वैशाख ३।** सत्तारुढ पाँच दलीय गठबन्धनको उम्मेदवारी तालमेललाई निष्कर्षमा पुऱ्याउन झापामा चार सदस्यीय कार्यदल गठन गरिएको छ ।

नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँईको संयोजकत्वमा गठित कार्यदलमा माओवादी केन्द्रका मोहन टुडू, नेकपा एकीकृत समाजवादीका निलमणि बराल र जनता समाजवादी पार्टीका गौरीमान राई सदस्य रहेका छन् ।

गठबन्धन दलका जिल्लास्थित शीर्ष नेताहरुको शनिवार बिर्तामोडमा सम्पन्न बैठकले १० वटा पालिकाहरुका मुख्य पदहरुमा सहमति गरेको छ भने कार्यदलले बाँकी पालिका र वडा तहको सहमति आज रातभरिमा सम्पन्न गरी आइतवार बिहान बस्ने गठवन्धन दलको वैठकमा प्रस्तुत गर्ने भएको छ ।

प्रतिगमनविरुद्ध संघर्षरत् पाँच दलीय गठवन्धनका संयोजक तथा नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेको सभापतित्वमा बसेको वैठकमा नेपाली कांग्रेसका तर्फबाट सुधिरकुमार शिवाकोटी र कृष्ण हुमागाँई सहभागी थिए ।

त्यसैगरी नेकपा माओवादी केन्द्रका तर्फबाट मोहन टुडू, सीपी कडरिया, राजु आचार्य सहभागी थिए । नेकपा एकीकृत समाजवादीकातर्फबाट वेदराज रेग्मी, भाष्कर काफ्ले र इन्द्र बुढाथोकी सहभागी रहेका थिए भने जनता समाजवादी पार्टीका तर्फबाट नित्यानन्द राजवंशी र दिपेनवाला राई सहभागी थिए ।

वैठक विगतका वैठकहरुभन्दा वैठक उपलब्धिमूलक रहेको कार्यदलका संयोजक हुमागाँईले बताए ।



# पौडेल वंशोद्धारको भेला

**झापा, वैशाख ३।** पौडेल वंशोद्धार जिल्ला समिति झापाको अधिवेशन तथा जिल्ला भेला शनिबार काँकरभिट्टामा सम्पन्न भएको छ ।

अधिवेशनले बिर्तामोडका कमलप्रसाद पौडेलको अध्यक्षतामा २५ सदस्यीय जिल्ला समिति गठन गरेको छ ।

त्यस्तै उपाध्यक्षद्वयमा शिवसताक्षीका मोहनप्रसाद पौडेल, दमककी पार्वता खतिवडा पौडेल, सचिबमा मेचीनगरका मुक्तिनाथ पौडेल, सहसचिवमा बिर्तामोडका पारस पौडेल र अर्जुनधाराका रुद्रप्रसाद पौडेल रहेका छन् ।

सदस्यहरुमा दमकका शेखर पौडेल, कचनकवलका बिष्णुप्रसाद पौडेल, बिनय पौडेल, नेत्रप्रसाद पौडेल, पर्वतबन्धु पौडेल, यदुनाथ पौडेल, रोमनाथ पौडेल, श्यामकुमार पौडेल, पुण्यप्रसाद पौडेल, युवराज पौडेल, बिष्णुप्रसाद पौडेल, कमल रहेका छन् ।

पौडेल बंश महासंघ केन्द्रीय अध्यक्ष लोकनाथ पौडेलको प्रमुख आतिथ्य र आयोजक समिति अध्यक्ष कमल पौडेलको अध्यक्षतामा भएको अधिवेशनमा पूर्व न्यायाधीश भद्रपुरका ९२ बर्षीय नन्दप्रसाद पौडेललाई अभिनन्दन गरिएको थियो ।

कार्यक्रम व्यवस्थापन पौडेल वंशोद्धार समिति मेचीनगर ६ ले गरेको थियो भने युवा व्यवसायी कृष्णप्रसाद पौडेलले स्वागत गरेका थिए ।

## निर्धारित ...

दलले लोकप्रियता र सक्रियतालाई उम्मेदवार छनौटको आधार बनाउने बताए ।

अघिल्लो निर्वाचनबाट स्थानीय तहमा निर्वाचित भएका पदाधिकारीलाई उनीहरूको काम र कार्यकालको मूल्यांकन गरेर मात्रै दोहोऱ्याउने बताए । उम्मेदवार हुने मान्छे स्थानीय तहमा लोकप्रिय र सक्रिय हुनुपऱ्यो । अघिल्लो पटक निर्वाचित भएकाहरूलाई उनीहरूको कामको मूल्याङ्कन गरेर मात्रै दोहोऱ्याउने निर्णय हुन्छ- उनले भने ।

पार्टी विधानले तय गरेका मापदण्डका आधारमा कांग्रेसले उम्मेदवार छनौट गर्ने महतले जानकारी दिए । नेपाली कांग्रेसको विधानले स्थानीय तह निर्वाचनमा पार्टीले छनौट गर्ने उम्मेदवारको मापदण्डबारे उल्लेख गरेको छ ।

कांग्रेस विधानमा उल्लेखित छ वटा मापदण्डमा उम्मेदवार हुने व्यक्ति क्रियाशील सदस्य भएको हुनुपर्ने उल्लेख छ । तर अन्य दलबाट कांग्रेसमा प्रवेश गरेको व्यक्तिका हकमा पार्टीले यो बन्देजमा छुट दिन सक्ने उल्लेख छ ।

कांग्रेसले पार्टीका अभियान, आन्दोलन र यसअघिका उम्मेदवारको प्रचार प्रसारमा सक्रिय तथा विकास निर्माण, रचनात्मक र सामाजिक काममा सक्रिय रहेको उच्च नैतिक चरित्र भएको व्यक्ति स्थानीय तहमा उम्मेदवार बन्न सक्ने पार्टी विधानमा उल्लेख गरेको छ ।

कांग्रेस विधानले पार्टीबाट विद्रोही उम्मेदवार बनेका तथा पार्टी अनुशासनको कारबाहीबाट निष्कासित भएका व्यक्तिलाई उम्मेदवार नबनाउने विधानमै व्यवस्था गरेको छ । कांग्रेस विधानले नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी ठहर भएको र पार्टीबाट निलम्बनमा रहेको व्यक्ति पनि उम्मेदवार हुन रोक लगाएको छ ।

**अनुशासित खोज्दै माओवादी**

माओवादी नेता देव गुरुङका अनुसार नेकपा माओवादी केन्द्रको उम्मेदवार बन्न पार्टीको विचारलाई प्रवाह गर्न सक्ने, अनुशासित र आर्थिक आचरणमा दाग नलागेको स्वच्छ छविको व्यक्ति हुनुपर्ने मापदण्ड तय गरिएको छ ।

पहिलो कुरा अनुशासित र आर्थिक आचरणमा दाग नलागेको स्वच्छ छविको व्यक्ति हुनुपऱ्यो, स्थानीय पार्टी कमिटीहरूबाट पनि सिफारिस भएर आउनुपऱ्यो- गुरुङले भने । हाम्रो पार्टीले समानुपातिक र समावेशितालाई पनि उम्मेदवार छनौटको मापदण्डमा समेटेको छ । पार्टीमा लामो समयदेखि सक्रिय र आवश्यक पर्दा त्याग गरेका नेताहरूलाई स्थानीय निर्वाचनमा प्राथमिकता दिइने गुरुङ बताउँछन् ।

एकीकृत समाजवालीको रोजाइमा समुदायमा प्रभाव भएको नेकपा एमाले विभाजनबाट बनेको एकीकृत समाजवादी पहिलो पटक स्थानीय निर्वाचनमा सहभागी हुने तयारीमा छ । पार्टी उपाध्यक्ष जयन्ती राईका अनुसार एकीकृत समाजवादीले स्थानीय तहमा उम्मेदवार छनौटका लागि एक दर्जन मापदण्डका सर्तहरू तय गरेको छ ।

इमान्दार नैतिक आचरण भएको हुनुपऱ्यो, राजनीतिक बफादारिता र अनुभवसँगै समुदायमा प्रभाव भएको व्यक्तिलाई उम्मेदवार बनाउने हाम्रो पार्टीको निर्णय छ- राईले भनिन् । निर्वाचनमा जित हासिल गर्न सक्ने सम्भावना पनि मूल्याङ्कन गरिने एकीकृत समाजवादीले जनाएको छ ।

जसपालाई चाहियो सामाजिक काममा समर्पित जनता समाजवादी पार्टीले पार्टीको सिद्धान्त र नीतिलाई आत्मसात् गर्ने, पार्टीमा सङ्गठित र सक्रिय तथा सामाजिक काममा समर्पित भएको हुनुपर्ने मापदण्ड बनाएको छ ।

यो दलले स्वच्छ सामाजिक छवि भएको तथा निर्वाचनमा जीत हासिल गर्न सक्ने हुनुपर्ने सर्त राखेको छ । सात बुँदे मापदण्डमा गाउँ, नगर र वडाको वस्तुस्थिति बुझेको र सुशासन प्रत्याभूति गर्न सक्ने सर्त समेत उल्लेख छ ।

बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि निर्वाचन आयोगले वैशाख १२ गते मनोनयनको समय तोकेको छ ।

**टिकट दिने विधि के हो ?**

गठबन्धनमा सहभागी दलहरू र प्रतिपक्षी नेकपा एमालेको टिकट वितरणको प्रक्रिया समान देखिएको छ ।

नेताहरूका अनुसार गठबन्धनले वडा तहका उम्मेदवारहरू स्थानीय तहकै पार्टी कमिटीहरूबाट गरिएको सिफारिसका आधारमा जिल्ला संयन्त्रबाट टुङ्गो लगाउने तय भएको छ । एमालेले पनि स्थानीय सिफारिसका आधारमा जिल्ला कमिटीबाट वडाका उम्मेदवार गर्ने शाक्यले जानकारी दिइन् ।

गठबन्धन र एमाले दुवै पक्षले गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवार प्रदेशबाट र महानगर र उपमहानगरका प्रमुख तथा उपप्रमुखका उम्मेदवार केन्द्रीय संयन्त्र वा पार्टी कमिटीबाट तय गर्ने नेताहरूले बताएको वीवीसीले उल्लेख गरेको छ ।

## छात्राहरूमाथि ...

नियन्त्रणमा लिएको हो ।

प्रहरीले शुक्रबारसाँझ शिक्षकहरुलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यलय मकवानपुरका प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । प्रवक्ता कार्की अनुसार पक्राउ परेका तीनै जना शिक्षकहरुमाथि आवश्यक अनुसन्धान भइरहेको छ ।

## महिलाको ...

धामीझाँक्रीको शरणमा पुगेकी हुन् ।

घरमै धामीझाँक्री बोलाएर उपचार गर्ने क्रममा साउदको मृत्यु भएको स्थानीय बासिन्दाको भनाइ छ । धामीझाँक्रीको कुटपिटबाट महिलाको मृत्यु भएको भन्दै स्थानीय बासिन्दाले घर घेराउसमेत गरेका थिए । मृतक महिलाका दुई छोरी रहेका छन् ।

धामीझाँक्रीको कुटपिटबाट महिलाको मृत्यु भएको घटनामा संलग्न भएको आशंकामा प्रहरीले भीमदत्त नगरपालिका-७का धर्मानन्द भट्ट, सोही नगरपालिकाको वडा नं. १ बाराकुण्डाका नारायणदत्त भट्ट, मृतककी जेठानी कमला साउद र देवरसहित सात जनालाई पक्राउ गरेको छ ।

'घटनाबारे अनुसन्धानको कार्य भइरहेको छ'- जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक चक्रबहादुर शाहले भने- 'महिला मृत अबस्थामा फेला परेकी छन् । के कति कारणले मृत्यु भएको भन्ने बारे अनुसन्धान भैरहेको छ । शव परीक्षणका लागि महाकाली अस्पतालमा पठाएका छौं ।' शव परीक्षणको रिपोर्ट आएपछि मात्रै महिलाको मृत्युको कारणबारे जानकारी हुने उनले बताए । महिलाको मृत्युको सम्बन्धमा सात जनालाई नियन्त्रणमा लिएर सोधपुछको कार्य समेत भइरहेको उनले बताए ।

## विराट ...

उनलाई ३ हजार नगद पुरस्कार हस्तान्तरण गरे ।

प्रदेश १मा पहिलापटक आयोजना भएको यो प्रतियोगिताको मेचीनगरका प्रमुख बिमल आचार्यले उद्घाटन गरेका थिए । आइतवार विर्तामोडको बोस्टन ब्लास्टर्स र धुलावारी टाइगर्सवीच पहिलो र भद्रपुर राइजिङ र सनराइज काँकरभिट्टाबीच दोश्रो खेल हुने आयोजक समितिका अध्यक्ष हिमाल विकेले जानकारी दिए ।

लर्ड बुद्ध क्रिकेट एकाडेमीको आयोजना र शिवशक्ति ग्रुपको रसोई तोरी तेलले मुख्य प्रायोजन गरेको प्रतियोगितामा जिल्लाका ५ वटा क्लबको सहभागिता रहेको छ ।

## अमरदिलको ...

यता 'जोसमनी दर्पण' पुस्तकको कार्यक्रमका विशेष अतिथि प्रदेश नं.१का कृषि मन्त्री झलकसिंह दर्लामीले विमोचन गरेका थिए ।

त्यसैगरी कार्यक्रममा विशेष पूजाअर्चनासँगै यज्ञ आदि कार्य सम्पन्न भएको आश्रम उद्घाटन समारोहका सदस्य शिव समाल मगरले जानकारी दिए । गुरुका सुपुत्र एवम् उद्घाटन समारोहका सदस्य राजु समाल मगरले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन अर्का सदस्य शिव समाल मगरले गरेका थिए ।

जोसमनी धर्मावलम्वीहरुको अखडा अर्थात् (मुख्य धार्मिक तीर्थस्थल) छिमेकी जिल्ला इलामको माई नगरपालिका-५स्थित सानो बर्दूपछि अर्जुनधाराको लाप्चेटारमा पनि आश्रमसहितको धाम निर्माण हुनु सकारात्मक भएको स्थानीय रुपनारायण समाल मगरले बताए ।

## एमाले ...

कमिटीले आवश्यकताको आधारमा नाम काँटछाँट गर्न सक्नेछ । प्रदेश कमिटीले अन्तिम नाम तय गरी टुङ्गो लगाउने छ ।

एमालेको वर्चस्व मानिएको माई नगरपालिकामा गठवन्धन दलले पनि साझा उम्मेदवार तय गर्न सकेका छैन । आ-आफ्ना दलका अडानमा रहेका गठवन्धन दलहरु एमालेको उम्मेदवारका आधारमा आफ्नो उम्मेदवारी तय गर्ने रणनीतिमा रहेको बताइन्छ । गत २०७४ सालमा स्थानीय तह निर्वाचनमा एमालेका मेयरले ६०४८ मत ल्याई बिजयी बन्दा नेपाली कांग्रेसले ४५२६, माओवादी केन्द्रले १८४७, संघीय समाजवादीले ४१५, राप्रपाले ४८ र स्वतन्त्र उम्मेदवारले ७१ मत ल्याएका थिए ।


**कर्मचारी आवश्यकता**

पूर्वाञ्चल दैनिक पत्रिकालाई झापाको काँकरभिट्टा क्षेत्रमा एक जना बजार प्रतिनिधिको आवश्यकता परेकोले इच्छुक योग्यता पुगेका व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।

**पद :** बजार प्रतिनिधि (महिला/पुरुष)

**योग्यता :** SLC वा सो सरह (अनुभवीलाई प्राथमिकता)

**तलब सुविधा :** आपसी समझदारीमा

**पूर्वाञ्चल दैनिक**

बिर्तामोड झापा, **फोन सम्पर्क:** ९८४२६३४७४०, ९८१६९८१०१७

**घर भाडामा**

बि.न.पा.-४ भद्रपुर रोडमा रहेको २ वटा सटर, ३ रुम, १ किचन र प्यासेजमा गाडी राख्न मिल्ने, अफिस, सहकारी, व्यापार, गोदामलाई उपयुक्त घर भाडामा छ ।

**सम्पर्क:** ९८०७९१०२२२, ९८५२६६०३६०

**कपडा पसल बिक्रीमा**

बिर्तामोड नगरपालिका-५ कृषिथोक रोडमा चालू अवस्थामा रहेको फेन्सी कपडा पसल तु-विक्रीमा छ ।

**मो.** ९८४२६९५७८८, ९८२६९३०६०५



**प्रेस वक्तव्य**

मितिः २०७९।०१।०३

**आदरणीय आमाबुबा, दाजुभाइ, दिदीबहिनी,**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को स्थापनाकालदेखि नै केन्द्र, प्रदेश, जिल्ला तथा पार्टीको विभिन्न तहमा रही जिम्मेवारी पूरा गर्दै पार्टी फुटको औचित्य प्रमाणित गर्नका लागि पार्टी जीवन परिचालित हुनुपर्छ भनी आवाज उठाउँदै आएका थियौं । तर, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले आजका मितिसम्म सैद्धान्तिक र बैचारिक दृष्टिकोणले, पद्धतिगत र प्रबृत्तिगत दृष्टिकोणले साथै व्यवहारिक र आर्थिक दृष्टिकोणले पनि पार्टी फुटको औचित्य प्रमाणित गर्न नसकेको र भविष्यमा समेत प्रमाणित गर्न नसक्ने भएकाले र पछिल्लो मितिमा समेत MCC जस्तो राष्ट्रघाती अमेरिकी परियोजनालाई संसदबाट पास गर्न सहयोग पुऱ्याई पार्टीलाई राष्ट्रघाती र नवप्रतिगामी कित्तामा राखेको हुनाले, एक राष्ट्रवादी नागरिकको हैसियतले यो पार्टीमा बसिरहन नैतिकरुपले नमिल्ने ठहर गरी आज मिति २०७९।०१।०३ गतेका दिनदेखि उक्त पार्टी परित्याग गरी स्वतन्त्र बामपन्थी नागरिकको रुपमा जीवनयापन गर्ने निर्णय गरेका छौं ।

१) लोकबन्धु कन्दङ्वा, केन्द्रीय सदस्य
२) गोपिचन्द्र गिरी, केन्द्रीय सल्लाहकार समिति
३) प्रकाश पुरी, जिल्ला कमिटी सदस्य
४) महेन्द्रप्रसाद खरेल
५) गीता कँडेल

लगायत पार्टीका २७५ जना समर्थकहरु समेतले पार्टी त्याग गरेको सार्वजनिक गरेका छौं ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# संस्कारको खाँचो !

**बिगतमा जानेर–नजानेर भएका कमी–कमजोरी र गल्तीहरुलाई स्वीकार गरेर, सच्याएर नयाँ प्रण गरेर नयाँ बर्षलाई स्वागत गरिन्छ । त्यसमा पनि देशको समुन्नतिमा आफू र आफ्नो दलकोतर्फबाट भएको अवरोधहरु भविष्यमा नदोहोऱ्याउने संकल्प, निष्ठा र नैतिकताको प्रबर्द्धन गर्ने उदात्त भावना नयाँ बर्षले सबैमा जाग्रत हुनुपर्छ । नयाँ संविधान जारी भएपछि दोस्रो निर्वाचन यसै बर्ष सम्पन्न हुनेछन् । मतदाताहरुले जनप्रतिनिधिहरुको विगतका प्रतिबद्धता र कार्यान्वयनका बीचको सन्तुलनलाई मूल्यांकन गरेर मताधिकार प्रयोग गर्ने बेला यही हो । त्यसैले राजनीतिज्ञहरुको भविष्यको फैसला गर्ने आसन्न स्थानीय, प्रदेश र संघीय निर्वाचनमा राजनीतिक दल र तिनका नेताहरुले गरेका कामको मूल्यांकन गरी अमूल्य मत प्रदान गर्ने दायित्व बिर्सनु हुँदैन ।**


**संघीयता कार्यान्वयनका क्रममा विगतमा राजनीतिक दलहरुले गल्ती गरेकै छन् । व्यक्तिको अहम् तुष्टिकै लागि बलियो र स्थिर सरकारबीचमै ढालियो । दुईपटक प्रतिनिधिसभा विघटन गरियो र अन्ततः संविधान र संवैधानिक उपलब्धीको रक्षा गर्न सर्वोच्च अदालतले नै परमादेश जारी गर्नुपऱ्यो । त्यसलगत्तै गठबन्धनको सरकार बन्यो र प्रदेश सरकार पनि परिवर्तन हुन पुगे । जिम्मेवार पदमा बसेका नेता र व्यक्तिहरुले इमानको राजनीति गरेको भए, विधि र संविधानको मर्म र भावनालाई आत्मसात गरेको भए मुलुक अस्थिरताको 'दल–दल'मा भासिने थिएन । विधि मिच्ने होडमा सरकारबाट अपारदर्शी निर्णयहरु आएकै कारण आज देश नै असफलताको यात्रामा हिंड्न बाध्य भएको टिप्पणी भइरहेको छ । देशको अर्थतन्त्र अधोगतितर्फ लागेको भन्दै जानकारहरुले चिन्ता व्यक्त गर्न थालेका छन् ।**

**मुलुकलाई नै दुर्घटनामा पुऱ्याउने राजनीतिक घटनाक्रमहरुलाई दल र तिनका नेताहरुले नियन्त्रणमा लिँदैनन् भने आम मतदाताले सचेत हुनैपर्छ । व्यक्तिगत वा दलगत स्वार्थ पूरा गर्ने मोहमा नागरिक र देशको इच्छा, अपेक्षा र आकांक्षामा कुठाराघात गर्ने पात्रहरुको कुटिलतालाई यही बेला चिन्नुपर्दछ । देश र जनताको उन्नति, प्रगति र विगतमा प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्न सक्ने योग्य उम्मेदवारको चयन गर्नु समयको आवश्यकता हो । अत्यन्त जटिल परिस्थितिमा गठन भएको वर्तमान सरकारले गठबन्धनको संस्कृतिलाई निरन्तरता दिएरै अघि बढ्ने चेष्टा गरिरह्यो भने फेरि पनि स्थिर सरकार बन्ने सम्भावना न्यून रहन्छ । एकमना सरकार नटिकेको यथार्थलाई हृदयगंम गरी राष्ट्रिय सवालमा एकाकर हुने संस्कृति स्थापना गर्नु समयको माग हो, यतातर्फ जिम्मेवार नेता र दलहरु गम्भीर होउन् ।**

## सामाजिक सञ्जाल


राजा देखाएर राजनीति गर्ने व्यक्ति र झुण्ड प्रसस्त देखियो भोगियो, त्यस्तै राजालाई सरापेर गरिने राजनीति पनि उत्तिकै । जति सरापे, च्यापे वा छाडे पनि राज शब्द आज उत्तिकै जीवन्त र सोचनीय किन छ भने राजा राजनीति होइन्, तर स्वयम् थन्केको नेपाली सार्वभौमिकताको वेहोस बुटी मात्र हो । **–भूषण दाहाल**






महाधिवेशनमा भोट दिएर शेरबहादुर देउवालाई कांग्रेसको सभापति बनाए । भित्री सभापति चाहिँ प्रचण्ड बने । पालिका अध्यक्ष, वडाध्यक्ष, वडा सदस्यको टिकट पाउन कांग्रेस कार्यकर्तालाई प्रचण्डको आशिर्वाद चाहिने भयो । गठवन्धनले कांग्रेस कार्यकर्तालाई चाहिँ पत्रु नै बनायो । **– डा. सुन्दरी पोखरेल**

ठूलो घर अनि टन्न धन छ भनेर छोरी नदिनु है आमाबाबा, के थाहा त्यो ठूलो कोठाभित्र छोरी निसासिने पो छिन् कि ! **– प्यारी**





वैदेशिक सहयोग, ऋण र अनुदान भन्दा प्राथमिकतामा नागरिकमार्फत लगानीको वातावरण निर्माण गर्नुपर्छ । अनुत्पादक क्षेत्रमा बढेको लगानी रोकेर उत्पादनमा जोड्न सक्नुपर्छ । रेमिट्यान्स लगायत वैदेशिक रोजगारीबाट नागरिकले पठाइरहेको पुँजीलाई च्यानलिङ्ग गरेर उत्पादनमा जोड्ने विशेष कार्यक्रम हुनुपर्छ । **– प्रदीप पौडेल**

# के महिला वक्ताले महिलाकै विषयमा मात्र बोल्नुपर्छ र !



**विन्दु अधिकारी**

चुनाव नजिकिए सँगै हरेक पार्टीमा सङ्गठन बिस्तार र प्रतिनिधि छनौटको लहर चलेको छ। केही समय अघि संयोगबस एक राजनीतिक पार्टीगत छलफल र अन्तक्रियामा समावेश हुने अवसर मिल्यो। सन्दर्भ थियोः बैशाख ३०मा सम्पन्न हुन गइरहेको स्थानीय निर्वाचन सफल बनाउने, अन्तपार्टीय तालमेल मिलाउने र आफ्नो पार्टीको उम्मेदवारलाई बहुमतले बिजय गराउने। धेरैको सुझाव र प्रतिक्रिया आइरहँदा मैले पनि महिला भएको नाताले महिला सहभागिताको विषयमा आफ्नो विचार व्यक्त गर्ने सौभाग्य पाए।

हरेक जनताको लागि राष्ट्र र राष्ट्रियता पछिको महत्वपूर्ण अङ्ग भन्नु नै राजनीतिक दल हो। अतः अन्तरक्रियामा के कस्ता मुद्दाहरु उठाइए र छलफलमा कस्ता बाध्यात्मक निर्णयहरु गरिए त्यस्ता आन्तरिक विषयबस्तु सार्वजनिक गर्न चाहान्न। बिचार आदानप्रदानकै क्रममा एक जिम्मेबार नेतृत्वकर्ता पुरुष प्रतिनिधिले मुसुक्क हाँस्दै रेला र ठट्यौली शैलीमा सोध्नुभयो- 'बैनी ! के महिला भएपछि महिलाकै विषयमा मात्र बोल्नुपर्छ। अरु विषयमा बोल्नु हुँदैन र ! जहाँ गयो महिला अधिकार र समान सहभागिता कुरा मात्रै गर्ने त।'

महिला वक्ताले महिला बाहेक अन्य विषयबस्तु मा तर्कसंगत बहस गर्न सक्दैनन् भन्ने होइन। न त महिला अधिकार र समान सहभागिताका मन्त्रहरु उच्चारण गरिरहनु महिला प्रतिनिधिको रहर नै हो। तर, हरेक महिला नेतृत्वकर्तालाई केवल महिलाकै मुद्दामा मात्रै बोलिरहन बाध्य पारिँदैछ यहाँ। हरेक क्षेत्रमा महिला सहभागिताका लागि ३३% समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिदिएको नेपालको संविधान साक्षी छ। तर पनि अनेकौं बहाना देखाउँदै राजनीतिक दलहरुले महिलाको संवैधानिक अधिकार नै खोस्न लागेपछि कसरी चुप बस्न सकिएला र ! सार्वजनिक चासोको विषय र जनहितको मुद्दा मामिलामा बोल्न खोज्नु अघि नै महिला प्रतिनिधि हरुको योग्यता र क्षमता माथि नै प्रश्नचिन्ह खडा गरिन्छ भने आफूले आफूलाई प्रमाणित गर्नु नै पहिलो बिकल्प रहँदैन र !

महिला हक, अधिकार, समानता र अधिकारको टेबलमा पहुँच पुऱ्याउनको लागि महिलाले अनवरत संघर्ष गर्दै पुरुष दाजुभाइको आवाज मात्र गुञ्जिरहने यो पितृसत्तात्मक समाजमा हाम्रो आवाज पनि सुनियोस् भनेर चिच्याएको त सदियौ भइसक्यो। तर 'पोथी बासे अलच्छिन लाग्छ' भन्दै महिलाको मुख थुन्ने यो समाजले 'काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ !' भन्ने जस्ता प्रतिक्रियात्मक कार्यशैली प्रस्तुत गरेपछि कसको मन मान्ला र ! कागजका पानामा लेखिएका कुराहरु कागजमा नै सीमित हुँदै गर्दा एउटा शिक्षित नेपाली चेली भएको नाताले ति पानाहरु पल्टाएर छर्लङ्ग देखाउने अधिकार मलाइ छैन र ! के यो देश मेरो पनि होइन र !

सबै जनताको प्रतिनिधित्वको लागि जनप्रतिनिधि छान्ने र स्थानीय निकाय सम्हाल्नको लागि स्थानिय सरकारको गठन गर्ने अवसर ५ बर्ष पश्चात् एकपटक प्राप्त हुँदैछ। अबको ५ बर्षको लागि हरेक नागरिकको सुरक्षा, अधिकार, न्याय र हकहितका सपनाहरु यिनै स्थानीय सरकारका प्रतिनिधिको हातमा सुम्पनु पर्दैछ। देशमा बिकास, समृद्धि, शान्ति, स्वतन्त्रता, सामाजिक क्रान्ति र विधिको शासन लागू गराउने दायित्व नयाँ पुस्तामा हस्तान्तरण हुँदैछ। मानव अधिकारका कुरा त छँदैछ ! त्यसमा महिला समानताका मुद्दा भए ! दलित आन्दोलन लगायत बाल हकहित र जेष्ठ नागरिक सम्मानका एजेण्डाहरुलाई गम्भीरताका साथ अघि बढाइदिने जनप्रतिनिधिको खोजी गरिँदैछ।

जनसंख्याको आधारमा ५१ प्रतिशतको हाराहारीमा रहेको महिला प्रतिनिधिको कुशल नेतृत्वसम्म स्वीकार नभएको अवस्था एकातिर छदैछ। महिला, दलित, बालबालिका, ज्येष्ठनागरिक, पिछडाबर्ग लगायत आवाजबिहीनहरुको आवाज कसले बोलिदिने त। जबकि संबंधित पक्षका प्रतिनिधिहरुलाई अधिकारको टेबलमा पुग्नै दिइँदैन भने। संविधान भन्दामाथि रहेर उच्चस्तरीय संयन्त्र र जिम्मेवार निकायद्वारा नै महिलालाइ संवैधानिक अधिकारबाटसम्म बञ्चित गरिन्छ भने यसलाई लोकतान्त्रिक शासन व्यवस्था भन्न पाइएला त। लैङ्गिक आधारमा पुरुषहरूको तुलनामा निरन्तर राजनीतिक हिंसा खेपिरहनुपर्ने बाध्यात्मक स्थिति सृजना हुँदै गर्दा महिला राजनीतिकर्मीहरुले टुलुटुलु हेरेर दलहरुको भागभण्डा पर्खिरहन सकिएला त।

केन्द्रदेखि स्थानीय तहसम्म साना ठूला राजनीतिक दलहरुबीच गठबन्धन र तालमेलको कुराहरु आइरहँदा कस्को पोल्टामा, के पर्ने हो ! त्यसमा सम्बन्धित पार्टीले चित्त बुझाउने हो होइन ! सबैको चासोको बिषय छ। सहमति र सहकार्यसहित धेरै दलहरु समेटेर चुनावी प्रक्रियामा जान मुलुकको ठूला पार्टीहरु र अग्रपंक्तिका नेतृत्वकर्ताहरुको कसरत पनि कम छैन। आफ्नो पार्टी मजबुत बनाउनु हरेक राजनीतिज्ञको दायित्व हो। पार्टीभित्रका आन्तरिक मतभेद, कलह र त्रुटीहरु सच्याएर अघि बढ्नु आजको आवश्यकता हो। दलीय स्वार्थ त्यागेर राष्ट्र र राष्ट्रियता जोगाउनु नागरिकको पहिलो कर्तव्य पनि हो !

तर, पार्टी हकहिकका बिसयहरु र तालमेल प्रक्रिया मार्फत दलहरूले आफ्नो सिटहरु सुनिश्चित गर्दैगर्दा महिलाको प्रतिनिधित्व र उम्मेदवारी घोषणा भने ओरालो लागेको छ। अन्तपार्टीय गठबन्धनको दौडधुपमा सबैको ध्यानाकर्षण हुँदै गर्दा महिलाको ३३ प्रतिशत समानुपातिक सहभागिताका दस्तावेजहरु ओझेलमा परे जस्तो छ। आफ्नो राजनीतिक दल र उच्चस्तरका नेतृत्वकर्ताहरुको आदेश शिरोपरी गर्दैगर्दा महिला राजनीतिकर्मीहरुको शिर भने झुकेको झुकै होला कि जस्तो छ ! झण्डा बोकेर पार्टीमा पछिपछि लाग्नु, चुनावी गीतमा नाच्दै रमाउँदै भोक प्यास बिर्सिएर आफ्नो उम्मेदवारलाई विजय गराउनुमा मात्रै सकिए जस्तो छ महिला सहभागिताका मागहरु।

प्रत्येक नगरपालिका या गाउँपालिकामा प्रमुख या उपप्रमुखमध्ये एकमा महिला हुनुपर्ने र स्थानीयस्तरमा समग्रमा ३३% महिला प्रतिनिधित्व गराइनुपर्ने कागजी दस्तावेज त स्पष्ट छँदैछ। त्यसमा महिला नेतृत्वकर्ता हरुको समाज, राष्ट्र र पार्टी सुदृढीकरणको क्षेत्रमा योगदान पनि पुरुषभन्दा कम छैन। लैङ्गिक बिबिधतालाई छोडेर एक राजनीतिज्ञले पार्टीमा गरेको योगदानलाइ मात्र मूल्यांकन गर्ने हो भने पनि धेरै महिला नेत्रीहरुको योग्यता, योगदान, क्षमता प्रस्तुति र अग्रसरता पुरुष प्रतिनिधिको हाराहारीमा नै देख्न सकिन्छ। के महिला भएकै कारण नेतृत्वदायी भूमिका बहन गर्नमा रोक लगाउनुले लैङ्गिक बिभेदको पुरातनवादी सोच लाई पुनर्जीवित बनाएकै हो त !

महिला भन्दैमा सबै महिलाले प्रतिनिधित्व गर्न सक्छन भन्ने छैन। महिला जनसमुदायको प्रतिनिधित्व सम्म गर्न नसक्ने महिलालाई महिला भएकै कारण पद दिलाउनपर्छ भन्ने बाध्यता पनि होइन। तर , हरेक पक्ष बाट योग्य, कुशल, कर्मठ र पार्टीको लागि निरन्तर योगदान दिँदै आउनुभएको महिलालाई सम्म शक्ति सम्पन्न पदमा पुग्नबाट सिँधै बञ्चित गरिँदैछ यहाँ। यति हुँदाहुँदै पनि धेरै हदसम्म आफू पछाडि रहेर नेतृत्व पंक्तिमा पुरुष प्रतिनिधि पठाउन खुलेआम सहमति देखाउँछन् महिलाहरु। तर, कुनै एक प्रमुख सम्मानित पदमा मात्र पनि महिलाको प्रतिनिधित्व किन कसैलाई स्विकार्य हुँदैन त। राजनीतिमा महिलाको उम्मेदवारी घोषणालाई गम्भीरताका साथ किन हेरिँदैन त !

पूर्वान्चल दैनिकमा केही समय अघि प्रकाशित प्रेस युनियन झापाकी सभापति श्री इन्दू पुर्बेलीजीले लेख्नु भएको लेख 'के महिला सहभागिताका लागि फेरी संघर्ष गर्नु पर्छ' मा उल्लेख गरिए जस्तो महिलालाई नेतृत्व पंक्तिमा ल्याउन र उच्चस्तरीय निकायसम्म महिला सहभागिता बढाउन के महिलाहरूले फेरि संघर्ष गर्नै पर्ने हो त। हाम्रो सामाजिक संरचनामा महिला नेतृत्व नै अस्वीकार हुँदै गरेको धेरै उदाहरण हुँदाहुँदै पनि बिगतमा सबै पार्टीका उम्मेदवार उठ्दाखेरी उपप्रमुख पदमा भए पनि महिलाहरुलाई स्थान दिइएको थियो। तर, गठबन्धनको प्रक्रियामा दलहरु अघि बढ्दै गर्दा योपटक भने त्यही उपप्रमुखको स्थान पनि खोसिने सम्भावना धेरै देखिँदैछ।

एकपटक इतिहास, संविधान र निर्वाचन आयोगका कुरा गरौं। २०६२/६३ को जन आन्दोलनले स्थापना गरेको कतिपय मूल्य-मान्यतालाई अन्तरिम संविधान २०७२ले सम्बोधन गरेको थियो भने। उक्त संविधान जारी भए सँगै संघीयताको व्यवहारिक कार्यान्वयन र समानुपातिक सहभागिता कार्यान्वयन पनि गर्न थालियो। नेपालको मौजुदा संविधानले ३३% महिला सहभागिता र जनसंख्याको आधारमा सबै जातिको प्रतिनिधित्व सुनिश्चित गरेकै थियो। त्यसमा अझै निर्वाचन आयोगको निर्देशन अनुसार २०७४ सालको निर्वाचनमा स्थानीय तहको प्रमुख वा उपप्रमुखमध्ये एकमा महिला अनिवार्य गर्दै वडासदस्यमा पनि महिलाको प्रतिनिधित्व सुनिश्चित गराइयो।

यसलाई अझ स्पष्ट पार्दै निर्वाचन आयोगले यही चैत्र १६ गते राजनीतिक दलहरुको नाममा जारी गरेको बाध्यकारी निर्देशन, स्थानीय तहको प्रमुख वा उपप्रमुख वा अध्यक्ष र उपाध्यक्ष पदमध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिने राजनीतिक दलले महिलाको मनोनयनको व्यवस्था गर्ने भन्नेले पनि प्रमुख पदमा महिलाको प्रतिनिधित्व सुनिश्चित गरेको छ। तर पनि राजनीतिक दलहरुले प्रमुख/उपप्रमुख पदमा महिला उमेदवार उठाउने चर्चा कतै सुनिए जस्तो लाग्दैन। रुँदै गरेको सानो बच्चीलाई गुडिया र ललिपप दिएर चुप लगाए जस्तो आरक्षण महिला कोटामा बाध्य भएर महिला सदस्य मनोनित गराउँदै दलहरुले महिलाको उपप्रमुखको पद पनि आफ्नै हातमा पार्ने त होइन ।

देशभरका स्थानीय तहको प्रमुख पदमा लगभग चार प्रतिशत महिलाले नेतृत्व गर्दै गर्दा होस् या जुनसुकै दलको भए पनि ४१ प्रतिशत महिला उम्मेदवार उपप्रमुखमा विजय भएर उच्च निकाय सम्हाल्दै गर्दा होस् या त धेरै वार्डमा नगर सदस्य पदमा मात्र चित्त बुझाउँदै गर्दा किन नहोस्। हामी महिलाले संबैधानिक समानुपातिक लोकतान्त्रिक शासन व्यवस्थाको महशुस त गरेकै थियौ।

२०६२/६३ को जनआन्दोलन सफल पार्न महिलाले हासी-हासी प्राण त्याग गर्दै गर्दा होस् या त घर गृहस्ती सम्हालेर पनि राजनीतिमा दौड्दै गर्दा किन नहोस्। महिलाले आफ्नो लागि बोलिदिने सरकार र संविधान छ भन्ने आश्वासन त पाएकै थियौ। तर अहिले इतिहास, कानून, सरकार र संविधानमाथि नै प्रश्न चिन्ह खडा भएको छ।

संबैधानिक रुपमा लिखित ३३ प्रतिशत समानुपातिक प्रतिनिधित्वको अधिकार प्रयोग गरेरै भए पनि केही नगरपालिका या गाउँपालिका उपप्रमुखमा महिला प्रतिनिधि पठाउन सके। प्रत्येक स्थानीय निकायमा वार्ड अध्यक्ष पदमा ४/५ महिला उम्मेदवार विजय गराउन सके। साथै, उल्लेखनीय संख्यामा नगर सदस्य र कार्य सम्पादन समितिमा महिला प्रतिनिधित्व बढाउन सक्यौ भने मात्र महिला आन्दोलन साकार भएको बुझ्न सकिएला। अरुको अधिकार नखोस्नु र अर्काको मुखको गाँस नछिन्नु त ठिकै छ। आफूले बर्षौ बर्ष संघर्ष गरेर प्राप्त गरेको अधिकार र भागबण्डा पनि खोसिन्छ यदि भने महिला आन्दोलनको इतिहास फेरि एकपटक दोहोराउनु बाहेक केही विकल्प छ जस्तो लाग्दैन।

प्रजातन्त्र स्थापनापछि २०१५ सालको बि पि कोइरालाको मन्त्रीमन्डलमा द्वारिकादेवी ठकुरानीले मन्त्री पदको शपथ ग्रहण र बैठकको अध्यक्षता गर्दै गर्दा कसले अनुमान लगाएको थियो होला। लगभग सात दशकपछि सम्म पनि स्थानिय तहको प्रमुख पद पाउन महिलाले आन्दोलन गर्नै पर्ला भन्ने। योगमाया नेउपाने ले तत्कालीन जहानियाँ राणा शासनविरुद्ध आवाज उठाउँदै गर्दा कसले सोचेको थियो होला कानून, संविधान, इतिहास र साहित्यका पाना पाना पडेर उच्च शिक्षाप्राप्त महिला राजनितिकर्मीहरु लोकतान्त्रिक गणतान्त्रिक शासन ब्यवस्थामा पनि आवाजबिहीन र अधिकारबिहीन नै होलान भन्ने !!

सबै जनताले मान्नै पर्ने देशको कानून हो भने। कानूनको पनि कानून संविधानमा लेखिएका हरेक पक्षका हक, अधिकार र कर्तव्यका विषयहरु छन्। त्यही संविधानले महिलाको हकमा पनि केही अधिकारहरु सुनिश्चित गरिदिएको छ। तर, राजनीतिक दलहरुको स्व. निर्णयले आज महिला हक, अधिकार र समानुपातिक सहभागिताका ती धारा उपधाराहरु मिच्न पाउने हो भने कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका को के औचित्य रहयो र ! २०१६ सालको राजनीतिक अवस्था र अहिलेको परिवर्तित सन्दर्भलाई केलाइरहदा संविधानको समेत अपहेलना गर्दै नीतिगत रुपमा अनिवार्य भनिएका तर सहायक पदमा मात्रै महिला सिमित हुनुपर्ने बाध्यात्मक व्यवस्थाको अन्त्यका लागि महिलाहरुको आगामी रणनीति के होला त।

२०१५ सालमा स्वास्थमन्त्री र बैठकको अध्यक्षता गराउँदै द्वारिका देवी ठकुरानीलाई नेपालको मात्र होइन एशियाकै पहिलो मन्त्री बनाउन सफल नेपाली कांग्रेस पार्टीले पनि त्यसपछि सोही नीति र भावनालाई व्यवहारमा लागू गर्न सकेन। गणतन्त्र स्थापनापछि दोस्रो सम्माननीय राष्ट्रपति जस्तो सर्बोच्च ओहोदामा बिद्यादेवी भण्डारीलाई बसाउन सफल नेपाल कम्युनिष्ट पार्टीले पनि हरेक क्षेत्रमा त्यही उदार नीति कार्वान्वयन गर्न सकेन। आधा आकाश ढाकेका ५१ प्रतिशत जति जनसंख्या भएका महिलाको हक, अधिकार, सुरक्षा, समानता र सहभागिताको क्षेत्रमा यस्ता ठूला राजनीतिक दलहरुले लिने निर्णय अरु साना दलहरुको लागि मार्गदर्शन बन्न सक्छ। त्यसैले पार्टी र राजनितिका हरेक क्षेत्रमा महिला सहभागिता वृद्धिका लागि पनि राजनितिक दलहरुले आफ्नो नीति र कार्यक्रमलाई समय सापेक्ष र बिधान सङ्गत बनाउनु आवश्यक छ।

सडकदेखि सदन सम्म महिला सहभागिता, समानता र सुरक्षाको लागि नीतिगत र तहगत आन्दोलन हुँदै गर्दा फेरि समानुपातिक कोटा पाउन पनि बिद्रोह नै गर्नुपर्ने कस्तो विवसता होला। विविध बिषयमा स्टेज थर्कने गरी भाषण दिन सक्षम महिलालाई पनि माइक हातमा पर्ना साथ महिला सशक्तिकरणका नारा मात्र गुन्जाउन बाध्य पारिनु कस्तो बिडम्बना होला ! के महिला भएर महिलाको बिसयमा मात्रै बोल्नुपर्छ र भन्दै लज्जास्पद अभिव्यक्ति दिने पुरुष नेतृत्वकर्ताले बैनी ! के महिला भएर महिला कोटा मात्रै रोज्नु पर्छ र ? खुला प्रतिस्पर्धा गरेर जाउ न ! तिमी योग्य छौ भने तिमिलाइ हामी जिताउछौ ! भनेर बोल्न नसक्नु कस्तो महानता होला !

# कस्तो अवस्थामा श्रीमानले श्रीमतिलाई मानाचामल दिनुपर्छ ?



**बिष्णु गिरी 'निश्चल'**

आश्रित व्यक्तिलाई दैनिक रुपमा उपलब्ध गराउने खर्चलाई मानाचामल भनिन्छ। खाना/बस्न स्वास्थ्य उपचार, शिक्षा लगायतका खर्च मानाचामलभित्र पर्दछन्। मुलुकी देवानी संहिता २०७४को परिच्छेद ३को सम्बन्धबिच्छेद सम्बन्धी व्यवस्थाको दफा ९९ को सम्बन्धबिच्छेद गर्नु अघि अंशवण्डा गर्नुपर्ने उपदफा ५मा अंशवण्डा गर्दा लामो समय लाग्ने देखिएमा अदालतले पति-पत्नीबीच सम्बन्धबिच्छेद गरी अंशबण्डा नभएसम्मको लागि पतिको सम्पति र आयस्ताको आधारमा पतिबाट पत्नीलाई मासिक खर्च भराई दिने सक्नेछ भनी व्यवस्था गरिएको छ।

घरेलु हिंसा, अंश सम्बन्धी विवाद, सम्बन्धविच्छेद आदि कारणबाट पारिवारिक कलह सिर्जना भई नेपाली समाजमा मानाचामल दिलाई भराइ पाउँ भन्ने पारिवारिक मुद्दाहरु अदालत समक्ष प्रशस्त आउने गरेका छन्। अंशबण्डा पनि कानूनले दिएको अधिकार हो। सगोलमा सम्पत्ति भएका पति, पत्नी, बाबु, आमा, छोरा, छोरीले पत्नी, पति, छोरा, छोरी, बाबु र आमालाई इज्जत आमद अनुसार खान लाउन दिन र आर्थिक हैसियत अनुसार शिक्षा र स्वाश्थ्य उपचारको व्यवस्था नगरे वा आफूले गर्नुपर्ने दायित्व पूरा गर्न नसके अंशियार आफ्नो अंश लिई छुट्टिन पाउने व्यवस्था मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद १०को दफा २११ को उपदफा १ र २मा गरिएको छ।

मानाचामल भन्ने कानूनी शब्द नेपाली समाजमा प्रचलित शव्द हो। पति वा पत्नीले एकअर्कालाई आफ्नो इज्जत र क्षमता अनुसार खाना लगाउन तथा स्वास्थ्योपचारको व्यवस्था गर्नु गराउनुपर्दछ (देवानी संहिता २०७४ दफा ८९)। यदि खान लाउने व्यवस्था नगरेमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका वा नगरपालिकामा मानाचामलको लागि निवेदन दिन सकिन्छ। कस्तो अवस्थामा मानाचामलको दाबी गर्न सकिन्छ।

**क) छुट्टिएर बसेको अवस्थामा :** लोग्नेले खान लाउन नदिएर, कुटपिट गरेर पत्नी र छोराछोरी बेग्लै बसेको छन् भने पतिले पत्नीलाई मानाचामल दिनु पर्दछ। नेपालको कानूनको अनुसार एउटी विवाहित महिला आफ्नो पतिबाट सम्बन्ध विच्छेद नगरी छुट्टै बस्न सक्छे र छुटै बसेको अवधि भरी पतिले आफूले गर्नुपर्ने सबै दायित्व अर्थात् मानाचामल भर्नु पर्दछ।

**ख) घरेलु हिंसा भएको अवस्थामा :** नेपालमा महिलाहरू अशिक्षित र बेरोजगार हुने भएकाले पतिसँग धेरै कुरामा भर पर्नुपरेको हुन्छ। पतिसँग निर्भर रहने भएकाले प्रायः जसो घरेलु हिंसाको शिकार हुनुपर्ने समेत अवस्था हुन्छ। यसरी घरेलु हिंसा भएको अवस्थामा सहेर मात्र नबसी अदालतमा वा प्रहरीमा उजुरी गर्न सकिन्छ। पतिले आफ्नो पत्नीललाई शारीरिक वा मानसिक यातना दिने गरिरहेको छ भने पत्नीले अदालतमा उजुर गरी मानाचामल पतिबाट माग गरी बेग्लै बस्न पाउँछिन्। अदालतले पत्नीलाई यातना दिएको अवस्थामा पतिलाई सजायका साथसाथै पत्नीलाई मानाचामल भराइदिन्छ।

**ग) सम्पति विभाजनको अवस्थामाः** सम्बन्ध बिच्छेदको मुद्दा दिए पश्चात् लामो समयसम्म अदालत धाउनुपर्ने हुन्छ। मुद्दा मामिला र सम्पत्ति विभाजन को प्रकिया लामो हुने गर्दछ। मुलुकी देवानी संहिता ऐन २०७४ को दफा ९९(५) अनुसार सम्बन्धविच्छेदको निवेदन दिए पश्चात अंश र सम्बन्धविच्छेद नभइञ्जेल सम्मका लागि मानाचामल खर्च माग गर्न मिल्दछ। अदालतले यस्तो अवस्थामा पतिको आम्दानी हेरेर मासिक खर्च भराइ दिन्छ। पत्नीले आफ्नो भागको अंश नपाइञ्जेलसम्म मासिक रूपमा मानाचामल वापत खर्च लिन पाउँछिन्।

**घ) पतिले मानाचामल दिनुनपर्ने अवस्था :** पतिसँग सम्पति नभएमा वा पतिको कमाई आफूलाई पनि पाल्न सक्ने नभएमा, पतिले पत्नीलाई मानाचामल दिनुपर्दैन। त्यस्तै यदि पति शारीरिक र मानसिक तरिकाले कमजोर वा अयोग्य छ भने पतिले पत्नीलाई मानाचामल दिनु पर्दैन। साथै पत्नीको कमाइ पतिको भन्दा बढी छ भने पनि पतिले पत्नीलाई मानाचामल दिनुपर्दैन।

श्रीमानको भागबाट अंश पाउने कुरा महिलाहरुलाई कानुनले दिएको अधिकार हो। कानूनले दिएको अधिकार नपाउने कुरै आउँदैन। मानाचामल माग गरेर मुद्दा दर्ता गराइयो भने श्रीमानको आयस्रोतअनुसारको आफ्नो भागमा आउने खर्च कानुनले दिलाइ दिन्छ। मुलुकी देवानीसंहिता, २०७४को दफा १०१ ले खान लगाउने खर्च भराई दिन सक्ने व्यवस्था गरेको छ। उक्त ऐनको दफा ९९ बमोजिम अंशबण्डा गर्नु पर्दा कुनै सम्पत्ति नभई पतिबाट अंश नपाएकी पत्नीले पतिबाट खान लगाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्ध विच्छेद भएको पतिको आम्दानीको आधारमा खान लगाउने खर्च भराई दिन सक्नेछ तर त्यस्ती पत्नीले अर्को विवाह गरेमा त्यस्तो खर्च दिनु पर्दैन।



# सरल स्वभावका ट्राफिक प्रहरी प्रमुख निशेष

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको एक वर्षे कार्यकाल पूरा गरेर प्रहरी प्रमुख निशेष चापागाईं काठमाडौं जाने भएका छन् ।

गएको बैशाखबाट झापाको नेतृत्व सम्हालेका चापागाँईको काठमाडौं सरुवा भएको हो । कोरोना कहरको दोस्रो लहर शुरुभएकै समयमा झापाको नेतृत्व सम्हालेका ट्राफिक प्रहरी निरीक्षक चापागाईले दुर्घटना न्यूनीकरणका लागि विभिन्न सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिएका थिए ।

कोरोना कहरको समय अनिवार्य मास्क अभियान सञ्चालन गरेका प्रहरी निरीक्षक चापागाँईकै पहलमा जिल्लाभरका ट्राफिक प्रहरी मार्फत विभिन्न संघ-संस्थाले मास्क वितरण अभियान सञ्चालन गरे । उनकै पालामा ट्राफिक प्रहरी कार्यालयको नयाँ भवन उद्घाटन गर्दै नयाँ भवनबाट सेवा शुचारु समेत भएको छ ।

दुर्घटना न्यूनीकरणका लागि विभिन्न सामाजिक संघ-संस्थासँग समन्व्य गर्दै ट्राफिक प्रहरी निरीक्षक चापागाँईले छलफल र अन्तरक्रिया कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिरहे । सरल स्वभावका प्रहरी निरीक्षक चापागाँई ट्राफिक प्रहरी माझ उदाहरणीय हाकिम बनेका छन् । नाम जस्तै काममा पनि निशेष रहेका उनले सबै ट्राफिक प्रहरीलाई आफ्नो कामप्रति सजग र सचेत बनाउँदै झापाको ट्राफिक ब्यवस्थानमा लागि रहे । बुबा स्व. प्रा.डा. नरेन्द्र चापागाँई र आमा सरला चापागाँईको कोखबाट जन्मिएका निशेषले स्नाकोत्तर तहसम्म अध्ययन गरेका छन् ।

सबैसँग सल्लाह र सुझाव लिएर काम गर्नुपर्छ भन्ने स्वभाव भएका निशेषले प्रहरी सहायक निरीक्षक पदबाट २०५४ साल चैत १६ गतेबाट राष्ट्रसेवकको रुपमा जागिर शुरुवात गरे । देशको सेवा गर्न उत्सुक निशेष बुबा साहित्याकार तथा आमा प्राध्यापन पेशामा आवद्ध भए पनि उनले भने राष्ट्रसेवकको जागिर रोजे । अन्यायमा परेकालाई न्याय दिनका लागि प्रहरीले काम गर्छ भन्ने बुझेका उनी सानै उमेरबाट प्रहरीमा जागिर खाएर ठूलो अफिस हुने सपना बोकेर अघि बढे ।

उनले तेह्रथुम, उदयपुर, सप्तरी, रसुवा, बारा, प्रहरी प्रधान कार्यालय, काभ्रे र झापामा सेवा प्रदान गरिसकेका छन् । उनको प्रहरी प्रधान कार्यालय परिचालन कक्षमा सरुवा भएको छ । २०५७ साल मंसीर ८ गते अम्बिका दाहालसंग वेबाहिक बन्धनमा बाँधिएका निशेषका दुई छोराछोरी निपुर्णा र सौभव चापागाँई रहेका छन् ।

झापामा हुँदा सडक दुर्घटना न्यूनीकरणक लागि चेकजाँचलाई तीब्रता दिनुका साथै विभिन्न विद्यालयमा ट्राफिक सचेतनामूलक कार्यक्रम समेत सञ्चालन गरे । १५ वटै स्थानीय तहका जनप्रतिनिधि, विभिन्न संघ-संस्था तथा राजनीतिक दल, व्यवसायी तथा नागरिकसंग सुमधुर सम्बन्ध बनाएका उनले कोरोना कहरका कारण अझ धेरै काम गर्न नसकेको उल्लेख गरे ।

ट्राफिक प्रहरी निरीक्षक चापागाईले झापाबाट आफुले पनि धेरै कुरा सिक्ने मौका मिलेको बताए । पूर्वाञ्चलसँग कुरा गर्दै उनले भने- प्रहरी सेवाको नियमित प्रक्रिया अन्तर्गत मेरो सरुवा काठमाडौं भएको छ । तर, झापामा रहँदा झापाली दाजुभाइ तथा दिदीबहिनीले दिनुभएको माया र सद्भाव मेरो लागि अमूल्य सम्पत्ति हो । उनले जहाँ गए पनि झापालाई नबिसर्ने उल्लेख गरे ।

**प्रस्तुतिः नरेन्द्र ढकाल**

# तीन संस्थाको सहकार्यमा झापाका ७५ विद्यार्थीलाई जनही २१ हजार छात्रबृत्ति

**झापा, बैशाख ३।** झापाली समाज अमेरिका, झापा विकास मञ्च काठमाडौं र झापा जिल्ला सहकारी संघको संयुक्त सहकार्यमा जिल्लाका ७५ जना विद्यार्थीलाई छात्रबृत्ति प्रदान गरिने भएको छ ।

उक्त संस्थाले दीर्घकालीन योजना अन्तर्गत यस बर्षबाट छात्रबृत्ति वितरण शुरु गर्न लागेका हुन् । यही बैशाख १० गते बिर्तामोड-२ रामचौकमा एक समारोहकाबीच सामुदायिक विद्यालयमा अध्ययन गर्ने ७५ जना विद्यार्थीलाई जनही २१ हजार रुपैयाँका दरले छात्रवृत्ति प्रदान गर्न लागिएको झापाली समाज अमेरिकाका महासचिव निलम विमलीले जानकारी दिए ।

विद्यार्थी छनौट भने आवश्यक प्रक्रिया पूरा गरी जिल्ला सहकारी संघले गर्ने बताइएको छ ।

यसपटक छात्रबृत्ति पाउने विद्यार्थीले कक्षा १२सम्म निरन्तर छात्रबृत्ति प्राप्त गर्ने छन् भने हरेक बर्ष थप विद्यार्थीलाई समेत छात्रबृत्तिको अवसर प्रदान गरिँदै जाने विमलीले बताए ।

छात्रबृत्तिका लागि जेहेन्दार र विपन्न समुदायका विद्यार्थी छनौट गरिने बताइएको छ । शुरुवातमा कक्षा ३ देखि ५ सम्मका विद्यार्थी छात्रबृत्तिका लागि छनौट हुनेछन् ।

छात्रबृत्ति अन्तर्गत झापाली समाज अभियन्ता र झापा विकास मञ्चले ५० जना तथा जिल्ला सहकारी संघले २५ जनाको जिम्मेवारी लिने छन् । महासचिव विमलीका अनुसार झापाली समाज अमेकिराले त्यहाँ बस्ने झापालीहरुबाट रकम संकलन गरी अक्षयकोष नै स्थापना गरेको छ । अक्षयकोषको व्याजबाट हरेक बर्ष छात्रबृत्तिमा योगदान गर्ने बताइएको छ ।

# 'ए मेरो हजुर ४': पहिलो दिन ८० लाख !

बहुप्रतिक्षित नेपाली फिल्म 'ए मेरो हजुर ४'ले पहिलो दिन बम्पर ओपनिङ् गरेको वितरकले बताएका छन् । वितरण कम्पनी काफिया फिल्म्सका गोविन्द शाहीले दिएको रिपोर्ट अनुसार यो फिल्मले नयाँ बर्षको दिन देशभरबाट ८० लाख ग्रस कलेक्सन गरेको हो ।

दक्षिण भारतिय फिल्म 'केजीएफ २'को दबदबाकाबीच ८० लाखको ग्रस कलेक्शनलाई बम्पर मान्न सकिन्छ । वितरकका अनुसार देशैभर शो टाइम पनि थप भएका छन् । काठमाडौं उपत्यकामा मात्रै ४३ लाख माथिको कलेक्शन रहेको शाहीले बताए ।

'केजीएफ २'लाई मारामार शोहरु दिएका फिल्म हलहरुले 'ए मेरो हजुर ४' लाई सौतेनी व्यवहार गरेका थिए । नेपाली फिल्मलाई अत्याधिक थोरै शो दिने तर विदेशी फिल्मलाई भने गैरकानूनी रुपमा मध्यरातिदेखि नै टिकट दर समेत नराखी 'केजीएफ २' चलाएपछि काठमाडौंका केही हलहरुलाई चलचित्र विकास बोर्डले कारबाही प्रक्रिया अगाडि बढाएको छ ।

झरना थापाले निर्देशित 'ए मेरो हजुर ४' का अनमोल केसी र सुहाना थापाको जोडी हिट छ ।

# ब्रा देखाउँदै निस्किइन् अभिनेत्री



फेसन क्वीन उर्फी जावेदको ड्रेसिङ सेन्स फरक र बेग्लै छ । उर्फीले आफ्ना फ्यानहरूसँग आफ्ना धेरै स्टाइलिश लुकहरू साझा गरेर आफ्ना फ्यानहरूलाई सँधै प्रभावित र आश्चर्यचकित गर्छिन् ।

अब फेरि उर्फीले आफ्नो लुकले सबैलाई पागल बनाएकी छिन् । फेसन डिवा उर्फी जावेदको नयाँ लुक देखेर मानिसको दिमाग घुमेको छ । तर, विशेष कुरा के छ भने उर्फीले यसपटक आफ्नो कपडाभन्दा कपालमा बढी प्रयोग गरेकी छिन् ।

नयाँ पोस्टमा उर्फी जावेद एकदमै सिजलिंग लुकमा देखिएकी छिन् । उर्फीले जीन्सको साथमा स्टाइलिस ब्रा लगाएकी छिन् । यससँगै उनले सानो क्रप टप पनि लगाएकी छिन् । उर्फीले आफ्नो मेकअपलाई पनि यो लुकमा विशेष राखेकी छिन् । उर्फी कालो आइलाइनर, न्यूड लिपस्टिकमा डिवा देखिएकी छिन् । उर्फीको लुक सधैं जस्तै अचम्मको छ । तर, यसपटक उनको लुकभन्दा कपालको चर्चा बढी छ ।

उर्फीको हेयरस्टाइल यति अनौठो छ कि हेर्दा मानिसहरू अचम्ममा पर्छन् । सँधैझैं उनका फ्यानहरूले उर्फीको यो लुक र हेयरस्टाइललाई लिएर रोचक कमेन्ट गरेका छन् । धेरैले उर्फीको हेयरस्टाइल बुझ्न सकेका छैनन् । एक प्रयोगकर्ताले कमेन्ट सेक्शनमा लेखेका छन्- यसमा हेयरस्टाइल कहाँ छ । अर्को प्रयोगकर्ताले लेखेका छन्- हेयर पिन पसल ।

अर्का प्रयोगकर्ताले लेखेका छन्- दिदीको टाउकोमा त्यति कपाल छैन जति पिन छन् । उर्फीले हरेक पटक आफ्नो लुकले कहर मच्चाइरहेकी छिन् तर, यसपटक अभिनेत्रीले आफ्नो हेयरस्टाइलले मानिसलाई पागल बनाएकी छिन् । फेशन र स्टाइल स्टेटमेन्टको सन्दर्भमा उर्फीसँग कुनै जवाफ छैन भन्ने मान्नु पर्छ ।

# गायिका मेलिना झापाका सञ्जीवसँग विवाह गर्दै



दर्जनौं नेपाली फिल्म तथा सयौं आधुनिक सुपरहिट गीतकी लोकप्रिय गायिका मेलिना राई वैवाहिक जीवनमा प्रवेश गर्ने भएकी छन् । प्रेमी सञ्जीव बराईलीसँगको फोटो शेयर गर्दै राईले 'नयाँ शुरुवात' लेखेकी छन् ।

उनका प्रेमी बराइली चर्चित तथा व्यस्त गितारिष्ट तथा म्युजिक कम्पोजर हुन् । झापा निवासी बराईलीसँग केही समय पहिले नै इन्गेजमेन्ट भइसकेको भएतापनि शुक्रवार मात्र उनले सम्बन्ध सार्वजनिक गरेकी हुन् । बताइए अनुसार उनीहरु दुई बर्षयता प्रेमसम्बन्धमा थिए । उनीहरुले यसैबर्ष विवाह गर्ने तयारी गरेका छन् ।

# टेम्पो चालकको मृत्यु

**सुनसरी, बैशाख ३।** सुनसरीको धरान उपमहानगरपालिका-४ स्थित कोशी राजमार्गमा सवारी दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा टेम्पो चालक धरान-१३का ३५ बर्षीय खडग बिश्वकर्मा रहेका छन । धरानबाट तेह्रथुमतर्फ जाँदै गरेको को.१ख४४८० नम्वरको बस र भेडेटारबाट धरानतर्फ आउँदै गरेको को.२ ह ७०४१ नम्वरको टेम्पो एकापसमा ठक्कर लागि दुर्घटना हुँदा टेम्पो चालक विश्वकर्माको घटनास्थलमा नै मृत्यु भएको र टेम्पोमा सवार ताप्लेजुङ लिखुम-२की १५ बर्षीया उषा लिम्वू घाइते भएकीमा धरान घोपामा उपचार भइरहेको छ भने बस चालक धरान-१३का गोबिन्द कटुवाललाई इलाका प्रहरी कार्यालय धरानले नियन्त्रणमा लिइ दुर्घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको छ ।

# खोलामा नुहाउँदा...

**ओखलढुंगा, बैशाख ३।** ओखलढुंगाको चम्पादेवी गाउँपालिका-२स्थित लिखु खोलामा डुबी बालिकाको मृत्यु भएको छ ।

चम्पादेबी-२का भोजबहादुर मगरको ९ बर्षीया छोरी अञ्जुली मगर घर नजिकै रहेको लिखु खोलामा साथीहरुसँग नुहाउने क्रममा पानीमा डुबेर मृत्यु भएको हो । घटना सम्वन्धमा इलाका प्रहरी कार्यालय बरुणेश्वरबाट थप अनुसन्धान भइरहेको छ ।

**हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई**

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्कः
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम**

यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईंहरूको घर-आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्ताबजार, झापा

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

THAKUR POLYCLINIC
Alka IVF Center Kathmandu
बैशाख १० गते शनिबार बिहान ९:00 बजे देखि
वरिष्ठ स्त्रीरोग तथा बाझोपन विशेषज्ञ
GYNAECOLOGIST OBSTETRICIAN
INFERTILITY SPECIALIST
डा. नेहा हुमागाई मैनाली
MBBS (KU). MD (KU) FELLOWSHIP IN IVF & LAPAROSCOPY-1 YR (CHENNAI) NMC NO. 8806
अब विर्तामोडमा
- पाठेगरको सक्रंमण।
- बारम्बार बच्चा खेर गईरहने समस्या।
- कुनैपनि कारणले महिनावरी गडबड भएमा, ट्युमर पलाएको अवस्था।
- ल्याप्रोस्कोपीक सर्जन (दूरबिनले बिना चिरफर अपरेशन गर्ने पद्धति) ।
- बाझोपनको समस्या ।
अग्रिम बुकिङ्गका लागि सम्पर्क नं.
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)
(+977) 023-590008
(+977) 9817964771

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई,** बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै भ्याकुम सिष्टमको ठूलो प्रति ट्यांकी
रु. २०००/– मा सफाई गरिने छ ।



सम्पर्कः ९८१४९९३७१२, ९८४२६७७८५५, ९८२४९९०४६२

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, पराक्रममा बृद्धिहुनेछ, शत्रुमाथी विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा बिचार पुर्‍याउनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
आजको दिन त्यति अनुकुल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय अत्यन्तै वलवान छ, मान सम्मानमा वृद्धि हुनेछ, व्यपार व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटकासाथ मिष्ठान्न भोजनको योग रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
सन्तान पक्षबाट शुखद् खबर सुनिनेछ, नचिताएको ठाँउमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ, ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
बोल्दा विचार पुर्‍याउनुहोला, नयाँ बश्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई पैभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय त्यती अनुकुल देखिएन, बोल्दा विचार पुर्‍याउनु पर्छ , खानपानमा ध्यान दिनुहोला । विचार पुर्‍याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुर्‍याउनुहोला, पृयजनसँग भेटहुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
रचनात्मक काम शुरूगर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले धप उर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।